# नीलकण्ठ नगर पालिका
# नगर कार्यपालिकाको कार्यालय
धादिङबेशी, धादिङ

बागमती प्रदेश, नेपाल

:

दोस्रो पटक प्रकाशित मिति :२०८१/१०/१८

प्रस्तुत विषयमा बागमती प्रदेश सरकारको सशर्त कार्यक्रम अन्तर्गत आ.व. ०८१/०८२ मा कार्यान्वयन हुने गरी समुदायमा आधारित पुनर्स्थापना कार्यक्रमका लागि रु ३,००,०००।—(अक्षरुपी तीन लाख रुपयाँ मात्र) तथा यस न.पा.बाट रु २,००,०००।—(अक्षरुपी दुई लाख रुपयाँ मात्र) गरी जम्मा रु ५,००,०००।—(अक्षरुपी पाँच लाख रुपयाँ मात्र) विनियोजन भएकोमा यस नगरपालिका भित्र अपाङ्गता भएका व्यक्तिहरुको जिविकोपार्जन र आयआर्जन हुने कार्यक्रम सञ्चालनको लागि साझेदारीमा कार्यक्रम गर्न अपाङ्गताको क्षेत्रमा काम गर्ने इच्छुक संघ संस्थाहरुले अपाङ्गता भएका व्यक्तिका लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम सञ्चालन कार्यविधि,२०८० अनुसार हुने गरी न्यूनतम् ३०% लागत सहभागीताको प्रतिवद्धता सहित प्रस्तावना पेश गर्न मिति २०८१/०९/२३ गतेका दिन सूचना प्रकाशन भएकोमा तोकिएको समयभित्र एउटा मात्र प्रस्तावना पेश भएको हुँदा मिति २०८१/१०/१८ गते देखि लागूहुने गरी सात (७) दिन म्याद थप गरिएको व्यहोरा यसै सूचनाद्धारा सूचित गरिन्छ। साथै पेश भएका प्रस्तावनाहरु मध्ये उपयुक्त प्रस्तावना छनौंट गरी कार्यक्रम सञ्चालन गरिने व्यहोरा पनि सूचित गरिन्छ।

<u>देहाय</u> :

१. अपाङ्गताको क्षेत्रमा काम गरेको अनुभव सम्बन्धी कागजात

२. संस्था दर्ता तथा नविकरण गरेको प्रमाण

३. संस्था यस नगरपालिका कार्यालयमा सूचिकृत भएको प्रमाण, संस्थाको विधान, कर चुक्ता प्रमाण-पत्र, प्यान नं.

४. संस्था समाज कल्याण परिषदमा आवद्ध र नियमित नविकरण भएको प्रमाण वा प्रतिलिपि

५. आ.व ०८१/०८२ को लेखा परीक्षण प्रतिवेदन तथा वार्षिक प्रगती प्रतिवेदन

६. संस्थाको प्रोफाइल तथा संस्थाको विद्यामान प्रशासनिक र आर्थिक नियमावलीको छाँया कपी

७. संस्थाको भौतिक पुर्वाधार तथा कर्मचारीको अवस्था दर्शाउने कागजात

८. कार्यालयको आवश्यकता अनुसारका अन्य काजगातहरु

.......................

(विष्णु प्रसाद रिजाल)
नि.प्रमुख प्रशासकीय अधिकृत